# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

२०७६ जेठ ३१

### सत्य तथ्य समाचार सम्प्रेषण गर्न आयोगको आग्रह

नेपाल सरकारले केही समय अगाडि संघीय संसदमा दर्ता गराएको राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयकसँग जोडेर यस हप्ता केही सञ्चार माध्यममा प्रकाशित "प्रधानमन्त्री कार्यालय मातहत बस्ने आयोगकै चाहना" शीर्षकका समाचारप्रति आयोग गम्भीर चिन्ता व्यक्त गर्दछ ।

सर्वप्रथमतः समाचारमा प्रकाशित भएबमोजिम राष्ट्रिय मानव अधिकार आयोगबाट मुद्दा चलाउने विषयमा आयोगले गरेको सिफारिस कसले कार्यान्वयन गर्ने भनी हालसम्म कुनै पनि कार्यदल नबनेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि आयोग स्पष्ट गराउन चाहन्छ । समाचारमा भनिएझैं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सहसचिव, महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता र यस आयोगका अधिकृत संलग्न रहने गरी आयोगका अध्यक्षबाट कुनै कार्यदल गठन नगरेको व्यहोरा पनि सबैको जानकारीको लागि अनुरोध छ । महान्यायाधिवक्ताको कार्यालयले अनौपचारिक रुपमा बनाएको कार्यदललाई यस आयोगले गठन गरेको भनी समाचार प्रकाशन गर्ने सम्बन्धितलाई यस प्रकारका समाचार प्रकाशन गर्नुपूर्व सम्बन्धित निकायसँग सत्य तथ्य जानकारी लिई सम्प्रेषण गर्न आयोग आग्रह गर्दछ ।

महान्यायाधिवक्ताको कार्यालयले अनौपचारिक रुपमा बनाएको उक्त कार्यादलको प्रतिवेदनको आधारमा सो कार्यालयले च.नं. ०१ र २, मिति २०७३/४/२ मा आयोगले मुद्दा चलाउने सन्दर्भमा हाल विधेयकमा राखिएको विषयसँग मिल्दोजुल्दो व्यवस्था संलग्न गरी आयोग र आयोगका माननीय अध्यक्षज्यूलाई सम्बोधन गरी मस्यौदा पठाएको थियो । उक्त मस्यौदाको जवाफमा आयोगले मिति २०७३/४/४ गते "आयोगबाट संविधानको धारा २४९(२) को खण्ड (ग) बमोजिम सिफारिस भई आएको विषयका सम्बन्धमा महान्यायाधिवक्ताले प्रचलित कानुनबमोजिम मुद्दा चलाई आयोगलाई सोको जानकारी दिनु पर्नेछ" उल्लेख गर्दै मस्यौदामा उल्लेख गरिएका अन्य विषयहरू पनि सर्वोच्च अदालतको रिट नं. ०६८-WS-००६३ निर्णय नम्बर ९०२९ मा मिति २०६९/११/२३/४ मा भएको निर्णय प्रतिकूल भएकोले अदालतको आदेश र आयोगबाट मिति २०७२/९/२३ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरेको तीन महलेसहितको मस्यौदा विधेयक अनुकुल हुन भनी तत्कालै पत्राचार गरेको यथार्थ व्यहोरा सबैमा जानकारी गराइन्छ ।

वास्तविकता यस्तो हुँदाहुँदै आयोगसँग सत्य तथ्य नबुझी माथि उल्लिखित समाचार प्रकाशन भएबाट यस आयोग र आयोगका माननीय अध्यक्षज्यू समेतको मानमर्दन हुने गरी नकारात्मक समाचार प्रवाह हुन गएकोमा आयोग थप गम्भीर बनेको छ । आयोग आफ्नो स्थापनाको मूल आधार, नागरिक आन्दोलनको सम्मान, पेरिस सिद्धान्त र नेपालको संविधानको धारा २९३ को भावनाप्रति सधै प्रतिबद्ध रही आयोगको स्वतन्त्रता र स्वायत्तता अक्षुण राख्न सदा प्रतिबद्ध रहेको स्मरण गराउन चाहन्छ । अतः प्रकाशित समाचारहरू तथ्यहीन एवं निराधार रहेको हुँदा त्यस्ता समाचारबाट भ्रममा नपर्न आम सर्वसाधारण, सम्पूर्ण मानव अधिकारकर्मी, अन्तर्राष्ट्रिय समुदाय र सरोकारवाला सबैमा विशेष अनुरोध गर्नुका साथै सम्प्रेषण गर्नु पूर्व सत्य तथ्य पुष्टि गरी समाचार सम्प्रेषण गर्न सम्बन्धित सञ्चारकर्मीलाई आयोग अनुरोध गर्दछ ।

गोविन्द शर्मा पौड्याल

सदस्य


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182; Kathmandu, Nepal

Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org